आपतकालिन कर्जा कार्यविधि
२०७७

जिल्ला सहकारी संघ लि. बाँके
नेपालगंज १३, बाँके

जिल्ला सहकारी संघ लि.
नेपालगंज १३ बाँके
(आपतकालिन कर्जा सम्बन्धि कार्यबिधि-२०७७)

प्रस्तावना :

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड १९) को कारणले मुलुकको सहकारी क्षेत्रमा परेको प्रतिकुल असर र प्रभावबाट यो क्षेत्रले आफ्नो साख जोगाउन र सदस्य सेवालाई साबिक बमोजिम निरन्तरता दिन अत्यन्तै कठिन रहेको जगजाहेर नै छ । यस समस्याका साथै कहिलेकाहि सस्थाँमा अकल्पनिय अवस्थाका कारण तरलता अभाव भई सृजना हुने समस्या समाधान गर्न संस्थाहरुलाई सघाउ पुऱ्याउने उद्धेश्यले बाँके जिल्ला सहकारी संघमा आबद्ध सहकारी संस्थाहरुको तत्कालको तरलता व्यवस्थापन र समस्या समाधानका लागि यो **आपतकालिन कर्जा सम्बन्धि कार्यबिधि-२०७७** तयार गरि लागु गरिएको छ ।

परिच्छेद १
नाम, परिभाषा र उदेश्य

(१) संक्षिप्त नाम र प्रारम्भ :

१.१ यस कार्यबिधिको नाम जिल्ला सहकारी संघ लिमिटेड बाँकेको **" आपतकालिन कर्जा सम्बन्धि कार्यबिधि-२०७७"** रहनेछ ।

१.२ यो कार्यबिधि तत्काल लागू हुनेछ ।

(२) परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस 'कार्यबिधि' मा :

२.१ "संघ" भन्नाले बाँके जिल्ला सहकारी संघ लि.लाई सम्झनु पर्दछ ।

२.२ "समिति" भन्नाले संघको संचालक समिति लाई सम्झनु पर्दछ ।

२.३ "अध्यक्ष" भन्नाले संघको संचालक समितिको अध्यक्ष लाई सम्झनु पर्दछ ।

२.४ "संचालक" भन्नाले संघका संचालक समितिका सम्पुर्ण सदस्यहरु सम्झनु पर्दछ ।

२.५ "व्यवस्थापक" भन्नाले संघको ब्यवस्थापनको प्रमुख वा सो कार्य गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

२.६ "कर्मचारी" भन्नाले संघमा स्थायी; अस्थायी, करार वा ज्यालादारीमा काम गर्ने कर्मचारीलाई सम्झनु पर्दछ ।

२.७ 'सदस्य संस्था' भन्नाले संघका शेयर सदस्य भएका संघ संस्थाहरुलाई जनाउने छ ।

२.८ 'आकस्मिक बचतकर्ता' भन्नाले महामारीको अवधिभर र महमारीको अवधि सकिएपछिको कम्तिमा ३ महिनासम्म संघमा बचत गर्ने सदस्य संस्थालाई जनाउने छ ।

२.९ "विनियम" भन्नाले संघको विनियम २०.... र सोमा भएको संसोधन समेतलाई सम्झनु पर्दछ ।

२.१० "कोष" भन्नाले संघको विनियम बमोजिम स्थापित कोषलाई सम्झनु पर्दछ ।

२.११ "कार्यालय" भन्नाले संघको मुख्य र फिल्ड कार्यालयलाई सम्झनु पर्दछ ।

२.१२ "रकमान्तर" भन्नाले एक शिर्षक अर्न्तगत निकासा भएको र कोषमा जम्मा भएको रकमलाई अर्को शिर्षकमा सार्ने कामलाई सम्झनु पर्दछ ।

२.१३ "आपतकालिन कर्जा" भन्नाले संघमा आबद्ध सहकारी संस्थाहरुलाई कम्तीमा १ हप्ता वा बढिमा ३० दिनसम्म तरलता व्यवस्थापन र संस्थागत समस्या समाधानका लागि प्रदान गरिने छोटो अवधिको कर्जालाई सम्झनु पर्दछ ।

(३) उद्देश्य :

यस कार्यबिधिको उद्देश्य निम्न बमोजिम रहेको छ ।

३.१ महामारी लगायत बिबिध कारणले सहकारी संस्थामा उत्पन्न तत्कालको संकट टार्ने ।

३.२ सस्थाँ समस्यामा रहेको अवधिमा सहकारी संस्थाहारुको लगानीयोग्य रकम आकस्मिक बचतको रुपमा संघ मार्फत जम्मा गरि अति आवश्यक संस्थाहरुको तरलता व्यवस्थापनमा सहयोग पुऱ्याउने ।

३.३ कोरोना भाईरस (कोभिड १९) लगायत विविध कारणले सहकारी संस्थाहरुलाई पारेको असरबाट बच्न सहयोग गर्ने ।

परिच्छेद २

४. आपतकालिन कर्जा :

४.१. महामारीका तथा अन्य कारणले समस्यामा परेका संस्थाहरुले देहाय बमोजिमको शर्त बमोजिम सहकारी संघबाट आपतकालिन कर्जा लिन सक्नेछन् ।

१. संघको सदस्य भई कम्तिमा १ आर्थिक बर्ष पुरा भएको ।
२. संघले निर्धारण गरेको मापदण्ड बमोजिमको कम्तीमा शेयर रु.१००,००० र बचत पुरा गरेको ।
३. महामारी (कोभिड १९) अवधि तथा अन्य समस्या शुरु हुनुभन्दा अघिल्लो महिनासम्मको कारोबार नाफामा गएको ।
४. यस अघि संघमा कारोबार गरेको भए नियमित गरेको वा भाखा ननाघेको ।
५. कुनै बैंक तथा वित्तिय संस्थाबाट कालोसुचीमा नपरेको ।
६. संघले निर्धारण गरेका अन्य मापदण्डहरु पुरा गरेको ।

४.२. कर्जाको ब्याजदर - १२ प्रतिशत हुनेछ ।

४.३. कर्जाको अवधि - कम्तीमा १ हप्ता देखि बढिमा ३० दिनको हुनेछ । संस्थाको अवस्थाका आधारमा जुनसुकै बेला फिर्ता गर्न सकिनेछ ।

४.४. कर्जाको सीमा र आकार - कर्जा माग गर्ने संस्थाको वासलातको ५ प्रतिशत वा बढिमा २५ लाख जुन कम हुन्छ सो बराबरको आपतकालिन कर्जा उपलब्ध गराईनेछ ।

४.५. सेवाशुल्क - १ प्रतिशत कायम गरिनेछ ।

४.६ यो कर्जा प्राप्त गर्नका लागि अनिवार्य रुपले कर्जा माग गर्ने सस्थाँको जिल्ला सहकारी सँघमा शेयर रु.१००,००० पर्ने छ ।

५. कर्जा बिश्लेषण तथा स्विकृति :

१. आपतकालिन कर्जा माग प्रक्रिया र कागजातहरु सँघको नियमानुसार हुनेछ ।
२. यस कर्जाको बिश्लेषण र अनुगमन संघका कर्मचारीहरुबाट गरिनेछ ।
३. कर्जा स्विकृति गर्ने सम्पुर्ण अधिकार प्रबन्ध संचालकल लाई हुनेछ ।
४. प्रबन्ध संचालकलले स्विकृत गरि लगानी गरेको कर्जा सँचालक समितिबाट अनुमोदन हुनेछ ।
५. आपतकालिन कर्जा प्रवाह गर्दा सकेसम्म सानो आर्थिक कारोबार भएका सहकारी संस्थाहरुलाई प्राथमिकतामा राखिनेछ ।
६. सस्थाँका अध्यक्ष र व्यवस्थापक अनिबार्य कर्जा समझौतामा सहभागि हुनुपर्ने छ । र सँचालक समितिबाट अर्निबाय अनुमोदन गनुपर्ने छ ।

६. आपतकालिन कर्जा व्यवस्थापन कोष :

बाँके जिल्ला सहकारी संघले महामारीको अवधिका लागि संस्थाहरुलाई आपतकालिन कर्जा उपलब्ध गराउँदा देहाय बमोजिमका कोषहरु मार्फत आपतकालिन कोष स्थापना गर्न सक्नेछ ।

१. जिल्ला सहकारी संघमा उपलब्ध जगेडा कोष र कर्जा जोखिम कोषबाहेकका संचालक समितिले निर्णय गरि रकमान्तर गरेका अन्य सबै कोषहरु
२. संघले सदस्य संस्थाहरुलाई आव्हान गरि आकस्मिक रुपमा ति संस्थाहरुले बचत गरेको रकम
३. सदस्य संस्थाहरुले मासिक अनिवार्य रुपमा जम्मा गरेको बचत रकम
४. बिभिन्न संघ संस्थाहरुबाट प्राप्त सहयोग, अनुदान र सहुलियत कर्जा बापत्को रकम
५. संघको जोखिम व्यावस्थापन कोषमा सदस्य संस्थाहरुबाट प्राप्त सहयोग रकम

७ खारेजी र बचाउ :

यस कार्यबिधि अन्तर्गत भएको सबै निर्णयहरु र कामहरु संचालक समितिले गरे सरह मान्य हुनेछन् । यस कार्यबिधि अन्तर्गत भएका बचत र कर्जा सम्बन्धि कार्यहरुको ब्याख्या गर्ने अधिकार संचालक समितिमा निहित रहनेछ । यस कार्यबिधिमा उल्लेखित प्रचलित ऐन, नियम र संघको बिनियम बमोजिम बाझिने हदसम्मका बुँदाहरु स्वतः खारेज हुनेछन ।

समाप्त